# पञ्चदेवल विनायक नगरपालिका, अछाम

# स्थानीय राजपत्र

खण्ड : १ सङ्ख्या : ३९ मिति : २०७९/१०/१५

## भाग-१
## पञ्चदेवल विनायक नगरपालिका, अछाम

### पञ्चदेवल विनायक नगरपालिका, अछाम
### जलस्रोत ऐन, २०७९

**नगरसभाबाट स्विकृत मिति : २०७९/१०/११**

**प्रस्तावनाः**

नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहलाई जलस्रोत तथा जलाधार, भू-संरक्षण, मूहान संरक्षण, खानेपानी, सिँचाइ, साना जलविद्युत, जल उपयोग एवं प्राकृतिक स्रोतको उपयोग एवं व्यवस्थापन सम्बन्धमा पञ्चदेवल विनायक नगरपालिका क्षेत्र भित्रको भू-सतहमा वा भूमिगत वा अन्य कुनै अवस्थामा रहेको जलस्रोतको समुचित उपयोग संरक्षण, व्यवस्थापन र विकास गर्न एवं जलस्रोतको लाभदायक उपयोगहरुको निर्धारण गर्न त्यस्तो उपयोगबाट हुने वातावरणीय तथा अन्य हानीकारक प्रभावको रोकथाम गर्न एवं जलस्रोतलाई प्रदुषणमुक्त राख्ने कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२६ को उपधारा (१) बमोजिम पञ्चदेवल विनायक नगरपालिकाको नगरसभाले यो ऐन जारी गरेको छ।

**१.संक्षिप्त नाम र प्रारम्भ :**

(१) यो ऐनको नाम **"पञ्चदेवल विनायक नगरपालिकाको जलस्रोत ऐन, २०७९"** रहेको छ।

(२) यो ऐन राजपत्रमा प्रकाशन भएपछी तुरुन्त प्रारम्भ हुनेछ।

**२.परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमाः

(क) **"जलस्रोत"** भन्नाले पञ्चदेवल विनायक नगरपालिका क्षेत्रभित्रको भू-सतहमा वा भूमिगत वा अन्य जुनसुकै अवस्थामा रहेको पानी सम्झनु पर्दछ ।

(ख) **"लाभदायक उपयोग"** भन्नाले साधन र स्रोतले भ्याएसम्म उचित रुपले गरिएको जलस्रोतको उपयोग सम्झनु पर्दछ ।

(ग) **"अनुमति प्राप्त व्यक्ति"** भन्नाले दफा ८ बमोजिम अनुमति प्राप्त व्यक्ति वा संगठित संस्था सम्झनु पर्दछ ।

(घ) **"उपभोक्ता संस्था "** भन्नाले दफा ५ बमोजिम गठित जल उपभोक्ता संस्था सम्झनुपर्छ ।

(ङ) **"तोकिएको वा तोकिए बमोजिम"** भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्दछ ।

**३.जलस्रोत स्वामित्वः** (१) पञ्चदेवल विनायक नगरपालिका भित्र रहेको जलस्रोतको स्वामित्व नगरपालिकामा निहित रहने छ ।

२) प्रचलित संघीय, प्रदेश तथा नगरपालिकाको कानून बमोजिम नगरपालिकाको जलस्रोतको उपयोग तथा व्यस्थापन गर्ने अधिकार नगरपालिकामा रहने छ ।

**४.जलस्रोत उपयोगः** (१) यस ऐन बमोजिम अनुमतिपत्र प्राप्त नगरी कसैले पनि जलस्रोतको उपयोग गर्न पाउने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि देहाय बमोजिम जलस्रोतको उपयोग गर्न अनुमति लिनुपर्ने छैन ।

(क) व्यक्तिगत वा सामुहिक रुपमा आफ्नो निमित्त खानेपानी र अन्य घरेलु प्रयोगका लागि उपयोग गर्न,

(ख) व्यक्तिगत वा सामुहिक रुपमा आफ्नो जग्गाको सिंचाई गर्न,

(ग) घरेलु उद्योगको रुपमा पानी घट्ट वा पानीचक्की चलाउन,

(घ) व्यक्तिगत रुपमा स्थानीय आवागनको लागि डुंगाको प्रयोग गर्न,

(ङ) जग्गाधनीले आफ्नो जग्गा भित्र मात्र सीमित रहेको जलस्रोत तोकिए बमोजिम उपयोग गर्न,

(३) जलस्रोत उपयोग गर्ने व्यक्ति वा संगठित संस्थाले अरुलाई मर्का नपर्ने गरी लाभदायक उपयोग गर्नुपर्नेछ ।

**५.जल उपभोक्ता संस्थाको गठनः** (१) सामुहिक लाभको लागि संस्थागत रुपमा जलस्रोतको उपयोग गर्न चाहने व्यक्तिहरुले जल उपभोक्ता संस्था गठन गर्न सक्नेछन् ।

(२) उपदफा (१) बमोजिम गठन गरिएको जल उपभोक्ता संस्थालाई नगरपालिका जलस्रोत समिति समक्ष दर्ता गराउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम जल उपभोक्ता संस्था दर्ता गर्न देहाय बमोजिम गर्नुपर्नेछ ।

(क) पदाधिकारी तथा सदस्य समेत गरी समावेशी नीतिलाई मध्यनजर गरी कम्तीमा सात जनाको उपभोक्ता संस्था गठन भएको,

(ख) संस्थाको विधान एक प्रति,

(ग) अनुसूची १ बमोजिमको निवेदन,

(घ) आर्थिक ऐनमा तोकिए बमोजिमको दस्तुर,

**६.उपभोक्ता संस्था संगठित संस्था हुने :** (१) उपभोक्ता संस्था अविछिन्न उत्तराधिकारवाला स्वशासित र संगठित संस्था हुनेछ ।

(२) उपभोक्ता संस्थाको सबै कामकारवाहीको निमित्त आफनो छुट्टै छाप हुनेछ ।

(३) उपभोक्ता संस्थाले व्यक्ति सरह चल-अचल सम्पत्ति प्राप्त गर्न र उपयोग गर्न सक्नेछ ।

(४) उपभोक्ता संस्थाले व्यक्ति सरह उजुर गर्न र उपभोक्ता संस्था उपर पनि सोही नामबाट उजुर लाग्न सक्नेछ ।

**७.जलस्रोत उपयोगको प्राथमिकताक्रमः** (१) जलस्रोत उपयोग गर्दा साधारणतया देहायको प्राथमिकताक्रम अनुसार गर्नुपर्नेछ ।

(क) खानेपानी र घरेलु उपयोग,

(ख) सिँचाइ,

(ग) पशुपालन तथा मत्स्यपालन जस्ता कृषिजन्य उपयोग,

(घ) जलविद्युत,

(ङ) घरेलु उद्योग, औद्योगिक व्यवसाय तथा खानीजन्य उपयोग,

(च) जल यातायात,

(छ) आमोद-प्रमोदजन्य उपयोग,

(ज) अन्य उपयोग ।

(२) जलस्रोत उपयोग गर्दा कुनै विवाद उत्पन्न भएमा तोकिएको समितिले उपदफा (१) को प्राथमिकताक्रम, दफा ४ को उपदफा (३) बमोजिम जलस्रोतको लाभदायक उपयोग भए नभएको र अन्य आवश्यक जाँचबुझ समेत गरी सोको आधारमा सम्बन्धित जलस्रोतको उपयोग गर्न पाउने/ नपाउने वा कुनै किसिमले उपयोग गर्न पाउने भन्ने कुराको निर्धारण गर्नेछ ।

(३) उपदफा (२) बमोजिम तोकिएको समितिले निर्धारण गरेको कुरा सम्बन्धित सबैलाई मान्य हुनेछ ।

(४) उपदफा (२) बमोजिम तोकिएको समितिले सोही उप दफामा उल्लेखित कुराको निर्धारण गर्दा अपनाउनुपर्ने कार्यविधि तोकिए बमोजिम हुनेछ ।

**८.अनुमतिपत्रको व्यवस्था:** (१) जलस्रोतको सर्वेक्षण वा उपयोग गर्न चाहने व्यक्ति वा संगठित संस्थाले सम्बन्धित विषयको आर्थिक, प्राविधिक र वातावरणीय अध्ययन प्रतिवेदन तथा तोकिए बमोजिमको विवरणहरु खुलाई तोकिएको अधिकारी वा निकाय समक्ष अनुमतिपत्रको लागि दरखास्त दिनुपर्नेछ । तर जलस्रोतको सर्वेक्षणको अनुमतिपत्रको लागि दरखास्त दिदा त्यस्तो अध्ययन प्रतिवेदन संलग्न गर्न आवश्यक पर्ने छैन ।

(२) उपदफा (१) बमोजिम परेको दरखास्तमा तोकिएको अधिकारी वा निकायले आवश्यक जाँचबुझ गरी जलस्रोत सर्वेक्षणको अनुमतिपत्रको हकमा दरखास्त परेको मितिले ३० दिन भित्र र जलस्रोत उपयोगको अनुमतिपत्रको हकमा १२० दिन भित्र तोकिए बमोजिमको ढाँचामा आवश्यक शर्तहरु तोकी दफा ७ को उपदफा (१) मा उल्लेखित प्राथमिकताक्रम अनुसार दरखास्तवालालाई अनुमतिपत्र दिनु पर्नेछ ।

(३) दफा ४ को उपदफा (२) बमोजिम हुनेमा बाहेक यो ऐन प्रारम्भ हुनुभन्दा अगावैदेखि जलस्रोतको उपयोग गरिरहेको व्यक्ति वा सङ्गठित संस्थाले पनि तोकिएको विवरण सहित यो ऐन प्रारम्भ भएको मितिले ६ महिनाभित्र तोकिएको अधिकारी वा निकाय समक्ष अनुमतिपत्रको लागि दरखास्त दिनुपर्नेछ ।

(४) उपदफा (३) बमोजिम परेको दरखास्तमा तोकिएको अधिकारी वा निकायले आवश्यक जाँचवुझ गरी दरखास्त परेको मितिले ६० दिनभित्र तोकिए बमोजिमको ढाँचामा अनुमतिपत्र दिनुपर्नेछ ।

(५) अनुमतिपत्र प्राप्त व्यक्तिले जलस्रोतको उपयोग वापत नगरपालिकालाई तोकिए बमोजिमको दस्तुर वा वार्षिक शुल्क बुझाउनुपर्नेछ ।

(६) व्यवसायिक प्रयोजनका लागि अनुमतिपत्र प्राप्त गर्ने व्यक्तिले आफ्नो अनुमतिपत्र बिक्री गर्न वा अन्य कुनै प्रकारले कसैलाई हस्तान्तरण गर्नु परेमा तोकिएको अधिकारी वा निकायबाट तोकिएबमोजिम स्विकृती लिनुपर्नेछ ।

**९.जलविद्युतको लागि जलस्रोतको उपयोग:** (१) दफा ८ मा जुनसुकै कुरा लेखिएको भएता पनि जलविद्युत उत्पादन गर्नको लागि जलस्रोतको सर्वेक्षण तथा उपयोग गर्ने अनुमतिपत्रको सम्बन्धमा प्रचलित कानुन बमोजिम हुनेछ ।

(२) जलविद्युत उत्पादन गर्ने सिलसिलामा जलस्रोतको उपयोग सम्बन्धी अन्य कुराहरु यसै ऐन बमोजिम हुनेछन् ।

**१०.नगरपालिकाले जलस्रोतको उपयोग वा विकास गर्न सक्ने:** (१) नगरपालिका आफैले कुनै जलस्रोतको उपयोग वा विकास गर्न यस ऐनको कुनै कुराले बाधा पुऱ्याएको मानिने छैन ।

(२) कसैले यस ऐन बमोजिम उपयोग गरेको जलस्रोत र सो संग सम्बन्धित जग्गा, भवन, उपकरण तथा संरचनाको व्यापक सार्वजनिक उपयोगका लागि नगरपालिकाले आफूले लिइ विकास गर्न सक्नेछ ।

**स्पष्टीकरण :** यस ऐनको प्रयोजनको लागि "व्यापक सार्वजनिक उपयोग" भन्नाले भैरहेको उपयोगबाट लाभान्वित भएका जनसंख्यालाई उल्लेखनीय प्रतिकूल असर नपारी सो भन्दा बढी जनसंख्यालाई लाभ हुने उपयोगलाई जनाउनेछ ।

(३) उपदफा (२) बमोजिम आफूले लिएको जलस्रोतको उपयोग गर्दा सम्बन्धित जग्गा, भवन वा संरचना वापत नगरपालिकाले सम्बन्धित व्यक्तिलाई तोकिए बमोजिम क्षतिपूर्ति दिनेछ ।

(४) उपदफा (३) बमोजिम दिइने क्षतिपूर्तिको रकम उपदफा (२) बमोजिम नेपाल सरकार, प्रदेश सरकार, नगरपालिकाले लिएको जग्गा, भवन, उपकरण तथा संरचनाको वर्तमान मूल्य, त्यसमा भएको टुटफुट र साधारण प्रयोगबाट भएको ह्रास कटाईको आधारमा निर्धारित गरिने छ ।

**११.जलस्रोत विकासको परियोजना हस्तान्तरण गर्न सक्ने:** (१) नगरपालिकाले दफा १० को उपदफा (१) वा (२) बमोजिम विकास गरेको कुनै जलस्रोत सम्बन्धी परियोजनाको निर्माण समाप्त भइसकेपछि आवश्यक शर्तहरु तोकी हस्तान्तरण गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम हस्तान्तरण गरिएको परियोजना उपरको स्वामित्व सम्बन्धित उपभोक्ता संस्थाको हुनेछ र यस ऐनको अधिनमा रही आफूले अनुमति प्राप्त गरे सरह सो परियोजनाको सञ्चालन सम्बन्धित उपभोक्ता संस्थाले गर्नेछ ।

**१२.जलस्रोत उपयोगको लागि करार गर्न सक्ने:** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि नगरपालिकाले कुनै स्वदेशी वा विदेशी कम्पनी, संगठित संस्था वा व्यक्तिसँग प्रचलित कानूनको अधिनमा

रही करार गरी सोही करारमा उल्लेखित शर्तहरु बमोजिम जलस्रोतको उपयोग र सेवा विस्तार गर्न/गराउन सक्नेछ ।

**१३. सेवा उपभोगका शर्तहरु तोक्न र सेवा शुल्क असुल उपर गर्न पाउने:** (१) अनुमति प्राप्त व्यक्ति वा संस्थाले आफूले विकास गरेको जलस्रोतको उपयोगको सेवा अन्य कसैलाई आपसी शर्तको आधारमा उपलब्ध गराउन र त्यस्तो सेवा वापत शुल्क असुल उपर गर्न सक्नेछ ।

(२) नगरपालिकाले विकास गरेको जलस्रोतको उपयोगको सेवा अन्य कसैलाई उपलब्ध गराए वापतको सेवा शुल्क तोकिए बमोजिम निर्धारण गरी असुलउपर गर्न सक्नेछ ।

**१४. सेवा रोक्न सक्ने:** सेवा उपभोग गरेवापत बुझाउनु पर्ने शुल्क नबुझाउने वा त्यस्तो सेवा अनाधिकार रुपले उपयोग गर्ने वा सेवा दुरुपयोग गर्ने वा शर्त विपरीत सेवा उपभोग गर्नेको हकमा त्यस्तो सेवा बन्द गर्न सकिनेछ ।

**१५. अरुको घरजग्गामा प्रवेश गर्न सक्ने:** नगरपालिका वा अनुमति प्राप्त व्यक्तिले जलस्रोतको सर्भेक्षण वा उपयोगको सिलसिलामा कसैको घरजग्गामा प्रवेश गर्नु परेमा नगरपालिका वा अनुमति प्राप्त व्यक्तिले खटाएको कर्मचारीले सम्बन्धित व्यक्तिलाई पूर्व सूचना दिएर मात्र त्यस्तो घरजग्गामा प्रवेश गर्न सक्नेछ । त्यसरी प्रवेश गर्दा कुनै हानी नोक्सानी हुन गएमा नगरपालिका वा अनुमति प्राप्त व्यक्तिले तोकिए बमोजिम क्षतिपूर्ति दिनुपर्नेछ । तर कुनै घरजग्गामा जलस्रोतको अनधिकृत उपयोग वा दुरुपयोग गरिरहेको शंका लागेमा र सोको मनासिव माफिकको कारण भएमा सो कुराको जाँचबुझ गर्न वा कुनै दुर्घटनाबाट बचाउन पूर्व सूचना बिना पनि त्यस्तो कर्मचारीले सम्बन्धित घरजग्गामा प्रवेश गर्न सक्नेछ ।

**१६. अरुको घर जग्गाको उपयोग वा प्राप्ति** (१) जलस्रोतको उपयोगको लागि देहायको कुनै काम गर्न अरु कसैको घरजग्गा उपयोग गर्न वा प्राप्त गर्न आवश्यक परेमा अनुमतिपत्र प्राप्त व्यक्तिले नगरपालिका समक्ष तोकिए बमोजिम निवेदन दिन सक्नेछ ।

(क) बाँध वा तटबन्धन बाँध्न,

(ख) नहर, कुलो वा सुरुङ खन्न,

(ग) जमिन मुनी वा माथि पानीको ट्याङ्की बनाउन वा पाइप लाइन विछ्याउन,

(घ) पोखरी बनाउन वा जल वितरण केन्द्र स्थापना गर्न,

(ङ) जलस्रोतको विकाससँग सम्बन्धित अरु आवश्यक निर्माण कार्य गर्न ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएमा नगरपालिकाले आवश्यक जाँचबुझ गरी प्रचलित कानून बमोजिम अनुमतिपत्र प्राप्त व्यक्तिलाई त्यस्तो घरजग्गा प्राप्त गराइदिन सक्नेछ ।

(३) नगरपालिकाले वा अनुमतिपत्र प्राप्त व्यक्तिले जलस्रोतको विकास वा उपयोग सम्बन्धी कुनै निर्माण कार्य गरेकोमा त्यस्तो निर्माण कार्य भएको ठाउँ वा सो ठाउँको वरिपरि तोकिएको दूरीमा पर्ने घर जग्गा अरू कसैले कुनै खास कामको निमित्त प्रयोग गर्न नपाउने गरी नगरपालिकाले निषेध गर्न सक्नेछ । त्यसरी निषेध गरिएको कारणबाट सम्बन्धित व्यक्तिलाई पर्ने हानी-नोक्सानी वापत नगरपालिका वा अनुमतिपत्र प्राप्त व्यक्तिले तोकिएबमोजिम क्षतिपूर्ति दिनुपर्नेछ ।

**१७. जलस्रोतको उपयोगसँग सम्बन्धित संरचनाको सुरक्षाः** (१) जलस्रोत उपयोगसँग सम्बन्धित कुनै संरचनाको सुरक्षाको लागि अनुमति प्राप्त व्यक्तिको अनुरोधमा वा स्वयं व्यक्तिले आवश्यक ठानेमा नगरपालिकाले सुरक्षा प्रबन्ध गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुमति प्राप्त व्यक्तिको अनुरोधमा सुरक्षा प्रबन्ध गरिएकोमा त्यसको लागि लाग्ने सम्पूर्ण खर्च अनुमति प्राप्त व्यक्तिले व्यहोर्ने छ ।

**१८. जलस्रोतको गुणस्तर तोक्नेः** (१) नगरपालिकाले राजपत्रमा सूचना प्रकाशित गरी जलस्रोतको विभिन्न उपयोगको सम्बन्धमा आवश्यक गुणस्तर तोक्न सक्नेछ ।

(२) जलस्रोतको उपयोग गर्दा उपदफा (१) बमोजिम तोकिएको गुणस्तर कायम हुने गरी गर्नु पर्नेछ ।

**१९. जलस्रोतलाई प्रदूषित गर्न नहुने :** (१) नगरपालिकाले राजपत्रमा सूचना प्रकाशित गरी जलस्रोतको प्रदूषण सहन-सीमा तोक्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम तोकिएको जलस्रोतको प्रदूषण सहन-सीमा नाघ्ने गरी कसैले पनि कुनै किसिमको फोहरमैला, औद्योगिक निकास, विष, रासायनिक वा विषालु पदार्थ हाली वा प्रयोग गरी जलस्रोतलाई प्रदूषित गर्नु हुदैन ।

(३) कुनै जलस्रोत प्रदूषित भए नभएको वा कुनै जलस्रोत उपयोगको सम्बन्धमा दफा १८ को उपदफा (१) बमोजिम तोकिएको गुणस्तर भए नभएको सम्बन्धमा तोकिएको अधिकारीले आवश्यकता अनुसार परीक्षण गर्न/गराउन सक्नेछ ।

**२०. वातावरणमा उल्लेखनीय प्रतिकूल असर पार्न नहुने :** जलस्रोतको उपयोग गर्दा भू-क्षय, बाढी, पहिरो वा यस्तै अरू कारणद्वारा वातावरणमा उल्लेखनीय प्रतिकूल असर नपर्ने गरी गर्नुपर्नेछ ।

**२१. अनुमतिपत्र खारेज गर्न सकिने :** (१) अनुमतिपत्र प्राप्त व्यक्तिले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत कुनै काम गरेमा तोकिएको अधिकारीले अवधि तोकी त्यस्तो काममा आवश्यक सुधार गर्न आदेश दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम तोकिएको अवधिभित्र अनुमतिपत्र प्राप्त व्यक्तिले आवश्यक सुधार नगरेमा तोकिएको अधिकारीले त्यस्तो व्यक्तिले पाएको अनुमतिपत्र खारेज गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम अनुमतिपत्र खारेज गर्नु अघि तोकिएको अधिकारीले सम्बन्धित अनुमतिपत्र प्राप्त व्यक्तिलाई आफ्नो सफाइ पेस गर्ने मनासिब मौका दिनुपर्नेछ ।

**२२. दण्ड सजायः** (१) कसैले यो ऐन वा यस ऐन अर्न्तगत बनेको नियम उल्लंघन गरेमा निजलाई तोकिएको अधिकारीले पाँच हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ र त्यस्तो कसूरवाट हानी नोक्सानी भएको रहेछ भने निजवाट त्यस्तो हानी नोक्सानी वापतको क्षतिपूर्ति भराइदिन सक्नेछ ।

(२) कसैले यस ऐन बमोजिम अनुमतिपत्र लिनुपर्नेमा सो नलिइ वा अनुमतिपत्रमा उल्लेख भएका शर्तहरु पालना नगरी जलस्रोतको उपयोग गरेमा निजलाई तोकिएको अधिकारीले पाँच हजार रुपैयाँ सम्म जरिवाना र त्यस्तो काम बन्द गराउन सक्नेछ ।

(३) यस ऐन बमोजिम विकास गरिएको जलस्रोत वा त्यस्तो जलस्रोतबाट उत्पन्न सेवा कसैले चोरी गरेमा वा दुरुपयोग गरेमा वा अनाधिकार प्रयोग गरेमा तोकिएको अधिकारीले निजबाट बिगो असुल गरी निजलाई बिगो बमोजिमको जरिवाना समेत गर्न सक्नेछ ।

(४) कसैले वदनियत साथ कुनै खानेपानीको मूहान, बाँध, नहर वा जलस्रोतको उपयोगसँग सम्बन्धित कुनै संरचना वा त्यस्तो संरचनामा असर पर्ने अन्य कुनै संरचना भत्काएमा, बिगारेमा वा कुनै किसिमले हानी नोक्सानी पुऱ्याएमा वा त्यस्तो कुनै काम गर्न दुरुत्साहन दिएमा वा त्यस्तो काम गर्ने उद्योग गरेमा निजबाट हानी नोक्सानीको बिगो असुल गरी निजलाई प्रचलित कानून बमोजिम जरिवाना वा दश बर्षसम्म कैद वा दुवै सजाय हुन सक्नेछ ।

**२३. पुनरावेदनः** दफा १०, १५ वा १६ बमोजिम दिएको क्षतिपूर्तिको रकममा वा दफा २१ बमोजिम तोकिएको अधिकारीले अनुमतिपत्र खारेज गरेकोमा वा दफा २२ को उपदफा (१), (२) वा (३) बमोजिम तोकिएको अधिकारीले दिएको सजायको आदेशमा चित्त नबुझ्ने व्यक्तिले ३५ दिन भित्र पुनरावेदन अदालतमा पुनरावेदन दिन सक्नेछ ।

**२४. नियम बनाउने अधिकार:** (१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नगर कार्यपालिकाले नियमहरू बनाउन सक्नेछ

(२) उपदफा (१) ले दिएको अधिकारको सर्वसामान्यतामा कुनै प्रतिकूल प्रभाव नपर्ने गरी नगरपालिकाले खास गरी देहायका विषयमा नियमहरू बनाउन सक्नेछ :-

(क) खानेपानी, सिँचाइ, जल यातायात, औद्योगिक उपयोग, आमोद-प्रमोद सम्बन्धि उपयोग र जलस्रोतको यस्तै अन्य उपयोग ।

(ख) जलस्रोत संरक्षण, बाढी नियन्त्रण, पहिरो रोकथाम,

(ग) वातावरण संरक्षण,

(घ) जलस्रोत उपयोग गरेवापत नगरपालिकालाई बुझाउनु पर्ने शुल्क, दस्तुर,

(ङ) जलस्रोत उपयोगका विभिन्न तरिकाहरु,

(च) जलस्रोतको प्रदुषण रोक्ने विषयहरु,

(छ) जलस्रोत उपयोग सम्वन्धि सेवाको स्तर निर्धारण,

(ज) जलस्रोत उपयोगबाट हुन सक्ने दुर्घटना र त्यसको जाँचबुझ तथा क्षतिपूर्ति,

(झ) उपभोक्ता संस्था, समिति र उपभोक्ता सम्वन्धि अन्य व्यवस्थाको साथै उपभोक्ताहरुको हित संरक्षण र सुविधा दिने विषयहरु ।

(ञ) जलस्रोतको विकास तथा उपयोग सम्वन्धि अन्य कुराहरु ।

**२५. खारेजी र बचाउ :** यो ऐनका कुनै दफा, उपदफा वा खण्ड प्रचलित संघीय तथा प्रादेशिक कानूनसंग बाझिएको खण्डमा स्वतः खारेज हुनेछन् भने ऐन प्रारम्भ हुनु भन्दा अघिका कानून बमोजिम गरिएका कामकारवाही यसै ऐन अनुसार भए/गरेको मानिनेछ ।

<u>**अनुसूची-१**</u>
<u>**(दफा ५ सँग सम्बन्धित)**</u>
<u>**निवेदन पत्रको ढाँचा**</u>

श्री अध्यक्षज्यू,
पञ्चदेवल विनायक नगरपालिका जलस्रोत समिति

महोदय,

हामीले................................उपभोक्ता संस्था गठन गरी दर्ता गराउन चाहेकोले देहायको विवरण खुलाई प्रस्तावित उपभोक्ता संस्थाको एक प्रति विधान र तोकिएको दस्तुर सहित दरखास्त दिएका छौँ ।

<u>**विवरण :-**</u>

१. उपभोक्ता संस्थाको नाम :-
२. कार्य क्षेत्र :-
३. उद्देश्यहरू :-
(क)
(ख)
(ग)
४. सदस्यहरूको नाम ठेगाना पेशा
(क)
(ख)
(ग)
(घ)
(ङ)
५. उपयोग गरिने जलस्रोतको विवरण :-
(क) जलस्रोतको नाम र रहेको ठाउँः-
(ख) जलस्रोतबाट गरिने प्रयोग :-
(ग) उपभोक्ता संस्थाले उपयोग गर्न चाहेको जलस्रोतको परिमाण :-
(घ) उक्त जलस्रोतको हाल भैरहेको उपयोग :-
६. उपभोक्ता संस्थाले पुऱ्याउन चाहेको सेवा सम्बन्धी विवरण :-
(क) सेवाको किसिम :-
(ख) सेवा पुऱ्याउने क्षेत्र :-
(ग) सेवाबाट लाभान्वित हुने उपभोक्ताहरूको संख्या :-
(घ) भविष्यमा सेवा विस्तार गर्न सकिने सम्भावना :-
७. आर्थिक स्रोतको विवरण :-
८. कार्यालयको ठेगाना :-

<u>**निवेदक**</u>
उपभोक्ता संस्थाको तर्फबाट दरखास्त दिनेको
सही :-
नाम :-
पद :-
ठेगाना :-

**आज्ञाले**
**शिव प्रसाद रेग्मी**
**प्रमुख प्रशासकीय अधिकृत**